# Digital Display Board स्थापना गर्ने सम्बन्धी मापदण्डको दफा १० वमोजिम नगर प्रमुख स्तरीय निर्णयानुसार स्वीकृत गरिएको

## कार्यविधि, २०७८

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८।७५ को कार्यपालिका बैठकको निर्णयानुसार स्वीकृत भएको Digital Display Board स्थापना सम्बन्धी कार्यविधिको दफा १० मा उक्त मापदण्डमा अस्पष्ट भएका विषयमा नगर प्रमुख स्तरीय निर्णयबाट कार्यविधि निर्माण गर्न सकिने गरी व्यवस्था भएकोले, यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ।

**दफा १ : घर धनी समेत संझौताको पक्ष हुने :**

क) Digital Display Board स्थापनाको अनुमति प्रदान गर्दा त्यस्तो संरचना निर्माण गरिने घर वा जग्गा धनीको तर्फबाट समेत निवेदन पेश गर्नु पर्ने छ र उक्त निवेदनमा सो वमोजिमको संरचनाको कारणले उत्पन्न हुने आर्थिक दायित्व वहन गर्न घर धनी समेत मञ्जुर भएको व्यहोरा खुलाउनु पर्नेछ।

ख) Digital Display Board को संझौता गर्दा सम्बन्धित जग्गा वा घर धनीलाई तेस्रो पक्षको रुपमा संझौताको पक्ष वनाइने छ र संझौताको दोस्रो पक्षले कुनै पनि कारणले महानगरपालिका वा पहिलो पक्षलाई तिर्नु पर्ने कर तथा शुल्कहरु भुक्तानी नगरेमा भूमी कर वा सम्पत्ति कर दाखिला गर्दा उक्त दायित्व समेत थप गरी भुक्तानी गर्ने शर्त समावेश गरिनेछ।

ग) यस दफा वमोजिमको कर दाखिला अग्रीम रुपमा नभएमा त्यसमा नियमानुसार जरिवाना थप गर्न सकिनेछ।

**दफा २ : स्वीकृतिको शुल्क सम्बन्धी व्यवस्था**

क) प्रस्तावित संरचनाको लागि स्वीकृति प्रदान गर्दा प्रचलित कानुन वमोजिम नक्सा स्वीकृत गर्दा लागने दरमा हिसाव गरी स्वीकृतिको शुल्क भुक्तानी गर्नु पर्नेछ।

ख) यस दफाको प्रयोजनको लागि क्षेत्रफल गणना गर्दा अन्य क्षेत्रफलको प्रचलित नियमानुर गणना गरी त्यसमा विज्ञापन प्रशारण गरिने क्षेत्रफल थप गरी गणना गरिनेछ।

**दफा ३ : स्वीकृति रद्द गर्ने सम्बन्धी व्यवस्था**

क) कुनै पनि कारणले एक पटक लिएको स्वीकृति रद्द गर्नु परेमा सोही व्यहोराको निवेदन पेश गरी स्वीकृति रद्द गर्न सकिनेछ।

ख) यस दफा वमोजिम स्वीकृति रद्द भए पछि निर्मित संरचना स्वयं भत्काई लैजानु पर्नेछ। संरचना भत्काई नलगे सम्मको अवधिको कर निरन्तर तिर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

का.बा प्रमुख

**दफा ४ : दोस्रो र तेस्रो पक्ष बीचको संझौता तथा विवाद व्यवस्थापन सम्बन्धी**

क) दोस्रो तथा तेस्रो पक्षले संझौता गरी Digital Display Board निर्माण गर्न सक्नेछन् । यस्तो संझौता महानगरपालिकामा (यस कार्यविधिमा पहिलो पक्ष भनिएको) समेत पेश गर्नु पर्नेछ ।

ख) यस दफा वमोजिम गरिएको संझौताले वहाल रकम लेन देन हुने भएमा पहिलो पक्षको कार्यालयमा वहाल कर समेत बार्षिक रुपमा दाखिला गर्नु पर्नेछ ।

ग) कुनै पनि कारणले दोस्रो र तेस्रो पक्षको बीचमा विवाद उत्पन्न भै पहिलो पक्षको कार्यालयमा परस्पर विरोधी माग दावी सहित निवेदन दर्ता भएमा, संझौतामा स्पष्ट लेखिएको विषयमा संझौता वमोजिम र अन्य अवस्थामा तेस्रो पक्षको माग वमोजिम पहिलो पक्षले आदेश दिन सक्नेछ ।

घ) यस कार्यविधिमा दोस्रो पक्ष भन्नाले व्यवसायीक रुपमा Digital Display Board राख्न इच्छुक व्यवसायी तथा तेस्रो पक्ष भन्नाले त्यस्तो सामाग्री राखिने स्थानको जग्गा धनी वा घर धनीलाई जनाउनेछ ।

ङ) दोस्रो पक्ष तथा तेस्रो पक्ष एकै व्यक्ति भएको अवस्थामा दुई पक्ष मात्रैको जिम्मेवारी र भूमिका उल्लेख गरी संझौता गर्न वाधा पर्ने छैन ।

**दफा ५ :** Digital Display Board स्थापनाको अनुमति प्रदान गर्दा प्रथम पक्षबाट ५ वर्षको लागि मात्र स्वीकृति प्रदान गरिनेछ साथै त्रिपक्षिय समझदारी एवं सहमतिबाट सो अवधि थप गर्न सकिनेछ । प्रत्येक आर्थिक वर्षमा महानगरपालिकाबाट तोकिएको विज्ञापन कर बुझाई नविकरण गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश नेपाल

का.बा प्रमुख